# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७६।०४।१३ गते

# प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको ।

---

साविक जिल्ला प्राविधिक कार्यालय, भोजपुरका तत्कालीन सि.डि.ई. लालु गिरीले घुस/रिसवत लिई भ्रष्टाचार गरेको कसुरमा मिति २०७५।११।२३ गते विशेष अदालत काठमाडौंमा दायर गरिएको मुद्दामा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५५ बमोजिम सजाय मागदावीमा पूर्ण छुट दिई वादी पक्षका साक्षीका रूपमा पेश गरिएका उजुरी निवेदक देवजंग शाहीले बकपत्र गर्दा अनुसन्धानको क्रममा गरेको कागज व्यहोरालाई अन्यथा हुने गरी प्रतिकूल बकपत्र गरेको भन्ने भ्रष्टाचार (घुस/रिसवत) लेनदेन गरेको मुद्दामा अनुसन्धान हुँदा एम.के./वाई.पी.जे.भी. का प्रतिनिधि देवजंग शाहीले भोजपुर-टक्सार-कोट-गोगने-लेखर्क सडक स्तरोन्नति योजनाको भुक्तानिका लागि जिल्ला प्राविधिक कार्यालय, भोजपुरका तत्कालीन जिल्ला इन्जिनियर लालु गिरीले उपलब्ध गराएको बैङ्क खातामार्फत तथा नगदै गरी जम्मा रू.१८,५०,०००।—(अठार लाख पचास हजार) रिसवत दिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) द्वारा परिभाषित कसुर अपराध गरेको पुष्टि भएको हुँदा निज देवजंग शाहीलाई बिगो रू.१८,५०,०००।-(अक्षरूपी अठार लाख पचास हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (च) बमोजिम कैद सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(प्रदीपकुमार कोइराला)
प्रवक्ता